गोकुलगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या -: २०८२/२०८३

चलानी नं-: . १३२८

मिति : २०८३/०२/१०

ने.सं. ११४६ अनलाध्वा नवमी

## भू–उपयोग क्षेत्र वर्गीकरण तथा कित्तागत विवरण सम्वन्धी सार्वजनिक सूचना

गोकुलगंगा गाउँपालिकाको स्थानीय भूउपयोग परिषदको मिति २०८२/१२/०२ को निर्णयअनुसार यस गोकुलगंगा गाउँपालिका क्षेत्र भित्रका जग्गा कित्ताहरुलाई देहायकको भूउपयोग क्षेत्र/किसिममा वर्गीकरण गरिएको छ। आफ्नो स्वामित्व वा हकभोगमा रहेको कुनै जग्गाको वर्तमान अवस्थामा उपयोग भईरहेको भन्दा फरक किसिमले वर्गीकरण भएको वा गाउँपालिकावाट पारित भएको भू-उपयोगको मापदण्ड विपरीत क्षेत्र वर्गीकरण भएको वा कुनै कित्ता जग्गा छुटेको भएमा वा यस सूचना वमोजिम भूउपयोग क्षेत्र वर्गीकरणमा चित्त नवुझेमा भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिकाको दफा २८(२) वमोजिम पन्ध्र दिन भित्र सम्वन्धित वडा कार्यालय वा गोकुलगंगा गाउँपालिकाको कार्यालयमा निवेदन दिनु हुन जग्गाधनी तथा सरोकारवालाहरु सवैमा अनुरोध छ। तोकिएको म्याद भित्र निवेदन नपरेमा यस सूचना वमोजिम वर्गीकृत भूउपयोग क्षेत्रमा भूउपयोग ऐन, २०७६ को दफा ७ वमोजिम जग्गाधनी स्रेस्ता र प्रमाण पूर्जा अद्यावधिक गरिने व्यहोरा सम्वन्धित सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## भू-उपयोग क्षेत्र नक्सा अध्यावधिक सम्बन्धी मापदण्ड तथा आधार, २०८२

भू-उपयोग ऐन,२०७६; भू-उपयोग नियमावली,२०७९ र भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस गोकुलगंगा गाउँपालिका, रामेछाप क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन,२०७६ को दफा (५) वमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

१. हालको उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागवाट वर्गीकृत क्षेत्रमा नै वर्गीकरण गर्ने।

२. जोखिम लगायत अन्य सम्वेदनशील क्षेत्रको जग्गालाई नापी विभागवाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने।

३. सरकारी, सार्वजनिक तथा समुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा ( सेवा प्रदान गर्ने सरकारी कायार्लय हरु बाहेक) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने।

४. हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने।

५. हाल उपयोगमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्वा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेका खाली जग्गा, परापुर्वकाल देखिका ऐतिहासिक धरोहर, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

६. हाल चलन चल्तीमा उपयोग भईरहेको पसल, वैक तथा वित्तीय सांस्था, होटेल, रेष्टुरा, हाटवजार लाग्ने स्थल, चमेना गृह, खाजा/फस्टफुड घर, व्यावसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी कार्यालय र सोले चर्चेका खाली जग्गा, निजी क्षेत्रवाट संचालित अन्य कार्यालयहरु र सोले चर्चेका जग्गा, निजी क्षेत्रवाट सञ्चलित अस्पताल, विद्यालय, क्याम्पस, नर्सिडहोम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन वोर्डकास्टिङ्ग संस्था, ईन्टरनेट सेवा प्रदायक संस्था लगायतलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने।

७. देहाय वमोजिमका क्षेत्रलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने:

i. वाहुन खोला देखि शिवालय वजार अगाडी खोला को ५० मिटर उत्तर सम्म सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु। (वडा नं. १)

ii. चाके खोला र भालेपोखरी आधारभुत विद्यालय देखी १०० मिटर उत्तर र दक्षिण सडकको सिमाना वाहेकवाट दाँया बाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु। (वडा नं. १)

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

iii. ठोसे वजार देखि १०० मिटर उत्तर र दक्षिण सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. २)

iv. एकामफेदी गाउँदेखि ५० मिटर उत्तर र दक्षिण सडकको सिमाना वाहेकबाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. २)

v. भुजिडाडाँ जाने दोवाटोवाट १०० मिटर उत्तर र दक्षिण सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. ३)

vi. भुजिडाडाँ दोवाटो देखि भुजिडाडाँ गाउँको ५० मिटर पूर्व सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. ३)

vii. वडा कार्यालयवाट १०० मिटर उत्तर देखि दक्षिणमा गोकुलगंगा मा. वि. हुदै दमा डाँडा सम्म सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. ३)

viii. प्रहरी चौकिवाट १०० मिटर उत्तर देखि भिमसेनथान चोक हुदै दक्षिणमा पलाती खोलासम्म सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. ३)

ix. भिमसेनथान चोक देखि गोकुलगंगा गाउँपालिकाको ५० मिटर उत्तरसम्म सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. ३)

x. हलुवा वजारको १०० मिटर दक्षिण देखि १०० मिटर उत्तर सम्म सडकको सिमाना वाहेक वाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. ४)

xi. वडा कार्यालय, वेतालीको १०० मिटर दक्षिण देखि वडा कार्यालय वाट वेताली वजार हुदै कात्तिके डाँडा देखी ५० मिटर उत्तर सम्म सडकको सिमाना वाहेक वाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. ४)

xii. वडा कार्यालय, नामाडीवाट उत्तर कालिमाटी जाने दोवाटोसम्म सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै किताहरु।(वडा नं. ५)

xiii. वि. पि. चौरवाट वडा कार्यालय हुदै विधालय जाने दोवाटोवाट १०० मिटर दक्षिण पश्चिम उत्तर कालिमाटे जाने दोवाटोसम्म सडकको सिमाना वाहेकवाट दाँया वाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सवै

किरण भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किताहरु। (वडा नं. ५) सडकको सिमाना वाहेकबाट दाँया बाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सबै किताहरु। (वडा नं. ६)

xiv. भन्जयाङ्ग डाडाँ देखि पिकनिक स्थलसम्म सडकको सिमाना वाहेकबाट दाँया बाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सबै किताहरु। (वडा नं. ६)

xv. जिरो विन्दुवाट उतर, दक्षिण र पुर्व १०० मिटरसम्म सडकको सिमाना वाहेकबाट दाँया बाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सबै किताहरु। (वडा नं. ६)

xvi. डुडगैराको उतर, पुर्व र पश्चिम चौकवाट १०० मिटरसम्म सडकको सिमाना वाहेकबाट दाँया बाँया १५-१५ मिटरले हुने जम्मा ३० मिटर सडक संग जोडिएको सबै किताहरु। (वडा नं. ६)

८. देहाय वमोजिमका क्षेत्रलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने।

i. १० मिटर भन्दा वढी चौडाई भएका सडकमा कायम हुने व्यवसायिक क्षेत्रको किनारा देखि ५० मिटरको दुरीमा रहेको दायाँ वायाँको जग्गाहरु।

ii. ६ मिटर भन्दा वढी १० मिटर भन्दा कम चौडाई भएका सडकमा कायम हुने व्यवसायिक क्षेत्रको किनारा देखि ३० मिटरको दुरीमा रहेको दायाँ वायाँको जग्गाहरु।

iii. ४ मिटर भन्दा वढी र ६ मिटर भन्दा कम चौडाई भएका सडकमा कायम हुने व्यवसायिक क्षेत्रको किनारा देखि २० मीटरको दुरीमा रहेको दायाँ वायाँको जग्गाहरु

iv. ४ मीटर भन्दा कम चौडाई भएका सडकमा कायम हुने व्यवसायिक क्षेत्रको किनारा देखि १५ मिटरको दुरीमा रहेको दायाँ वायाँको जग्गाहरु

v. वर्तमानमा घर निर्माण भई सकेको सवै जग्गाहरु

९. क्रमसंख्या (१) देखि (८) वाहेकका क्षेत्रलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत